दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक ३३९ | बुटवल | २०८१ पौष ०१, गते सोमबार | नेपाल संवत ११४५ | Monday Dec. 16, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# मायादेवी सुत्केरी मार्गको प्रचार गर्न दश युवतीको मोटरबाइक तिर्थ यात्रा

**मोहम्मद हबिब**
*भैरहवा*



मायादेवी सुत्केरी मार्गमा दश युवतीले मोटरबाइक तिर्थ यात्रा गरेका छन् । लुम्बिनीदेखि तिलौराकोटसम्मको परिकल्पना गरिएको ग्रामीण क्षेत्रको मायादेवी सुत्केरी मार्गमा महिला मोटरसाइकल राइडरहरुले यात्रा गरेका हुन् । सुत्केरी मार्गको प्रचार प्रसार एवम् प्रवर्द्धन गर्ने उद्देश्यसहित यात्राको सुरुवात गरिएको छ । आजभन्दा ई.पु.६२३ वर्ष अघि लुम्बिनीको पवित्र उद्यानमा बैशाख पूर्णिमाको दिन सिद्धार्थ गौतमको जन्म भएपश्चात् माता मायादेवीसहित नवजात सिद्धार्थलाई कपिलवस्तु घर फिर्ता लगेको मार्ग मायादेवी सुत्केरीमार्गको प्रचारका लागि दुई पाङ्ग्रे क्विन राइडरका १० युवतिले अभियान सुरु गरेका छन् । उनीहरु काठमाडौंबाट भैरहवा-लुम्बिनी हुँदै मायादेवी सुत्केरी मार्गबाट कपिलवस्तु दरबार पुगेर यात्रा टुंगयाएका छन् ।

माता मायादेवीलाई श्रद्धाञ्जली दिने, अनुभव गर्ने, भगवान बुद्धलाई स्वागत गर्ने, नवजात बुद्धलाई स्वागत गर्ने उद्देश्यका साथ दुई पाङ्ग्रे क्वीन(रानी)हरुले लुम्बिनीमा मोटरबाइक यात्रा गरेको मायादेवी सुत्केरी मार्गका परिकल्पनाकार बिक्रम पाँडे काजीले बताए ।

सुत्केरी अवस्थामा तिलौराकोट दरबारबाट माइती देवदह गइरहेको बेला प्रयोग गरिएको बाटोलाई पन्छाउँदै युवतीहरुले यात्रा गरेका छन् । सुत्केरी मार्गमा पर्ने ग्रामीण क्षेत्रहरुमा पर्यटन बढाएर क्षेत्रका बासिन्दाहरुको आर्थिक जनस्तर उकास्नलाई पनि यो कार्यक्रम आयोजना गरिएको यसका आयोजक पाँडे काजीले बताए । राइडरहरु सुत्केरी मार्ग हुँदै कपिलवस्तुको पर्यटकीय क्षेत्रहरु कुदान, गोटिहवा, सगरहवा, निग्लिहवा लगायतको क्षेत्रमा पुग्ने छन् । मायादेवी सुत्केरी मार्गका परिकल्पनाकार पाँडेका अनुसार करिब ३८-३९ किलोमिटरको दूरीको यात्रालाई तिर्थयात्राको रुपमा स्थापित गराउन यो कार्यक्रम आयोजना गरिएको हो ।

तत्कालिन समयमा सुत्केरी ह्न माईती जाने प्रचलन थियो । सो क्रममा माता मायादेवी कपिलवस्तुबाट आफ्नो माइती देवदह जाने क्रममा लुम्बिनीमा विश्राम गर्न बस्दा त्यही प्रशब भए भएको थियो । तत्पश्चात नवजात बालक(सिद्धार्थ)लाई त्यहीको कुण्डमा स्नान गराई माईती देवदह नगई पुनः कपिलवस्तु घर फिर्ता गएको मार्ग नै मायादेवी सुत्केरी मार्ग हो । मायादेवी सुत्केरी भएपछि घर फिर्ता गएको मार्गको अध्ययन एवंम सोधखोज गरी बनाइएको मार्ग नै मायादेवी सुत्केरी मार्ग हो र पहिलो चोटी यो मार्गको सोधखोज गरी नामाकंन गर्ने सस्था बुद्धिष्ट सर्किट्स डटकम हो ।

बुद्धिस्ट सर्किट्स डटकमका सस्थापक एवं मायादेवी सुत्केरी मार्गको खोजकर्ता बिक्रम पाँडेकाजीले यो मार्गको प्रवर्द्धनका लागि अहिले काठमाडौं उपत्यकाका विभिन्न क्षेत्रमा रहेका युवतीहरुको संस्था दुई पाङ्ग्रे क्विन राइडरको सहकार्यमा यो कार्यक्रम गरिएको बताए ।

मायादेवी सुत्केरी मार्गमा हिड्ने तिर्थयात्रीहरुलाई ३ देखि ४ दिनसम्म लाग्न सक्ने र यसले लुम्बिनी र कपिलवस्तुमा पर्यटकहरुको बसाई अवधि लम्ब्याउन सहज हुनेछ । लुम्बिनी भ्रमणको लागि आउने अधिकांश तिर्थयात्रीहरु कपिलपस्तुसम्म पुग्दैनन्, यो कार्यक्रमले कपिलवस्तुमा पर्यटकको संख्या वृद्धिमा पनि सहयोग पुऱ्याउने पाँडे बताउँछन् ।

कार्यक्रमको सुरुवात मायादेवी मन्दिरबाट आइतबार बिहान भएको थियो । बुद्धिस्ट सर्किट्स डटकमका संस्थापक एवम् मायादेवी सुत्केरी मार्गका खोज एवं परीकल्पनाकार बिक्रम पाँडे काजी र लुम्बिनी विकास कोषका वरिष्ठ निर्देशक ज्ञानेन्द्र राईले हरियो झन्डा देखाई क्विन राइडरहरुलाई मायादेवी सुत्केरी मार्गतर्फ पठाएका थिए ।

लुम्बिनीको सद्भावना दूत समेत रहेका बिक्रम पाँडे काजीले मायादेवी सुत्केरी मार्ग तयार भइसकेको हुँदा यसको प्रचार प्रसारको लागि सरकारीस्तरबाट प्रयास गरिनुपर्ने बताउँछन् । लुम्बिनीमा १७ लाख पर्यटक आउँदा दरबारमा २ लाख पनि मुस्किलले आउँछन्, यसमा ठूलो अन्तर छ । समग्रमा लुम्बिनी र तिलौराकोटको एकीकृत विकास हुने अपेक्षाका साथ सुत्केरी मार्गमा तिर्थ यात्रा गरिएको हो ।

संसारमा ५० करोड बुद्धिष्ट छोरीहरु रहेको र उनीहरुलाई आकर्षित गर्न सुरुवाति दिनमा यो रुटलाई माता मायादेवी सुत्केरी मार्ग भनि प्रचार गरेको पाँडेकाजीले बताए ।

लुम्बिनी विकास कोषका वरिष्ठ निर्देशक ज्ञानेन्द्र राईले मायादेवी सुत्केरी मार्गको सुरुवात नै बुद्धिस्ट सर्किट डटकमले गरेको र अहिले विभिन्न संस्थाले प्रचारात्मक अभियान गरेको बताए । उनले पछिल्लो समय लुम्बिनी विकास कोषसँगै युएनडिपी, युनिसेफलगायतका विश्वस्तरका संस्थाको पनि ध्यान आकृष्ट भै विभिन्न कार्यक्रमहरु भएको बताउँदै दुई पाङ्ग्रे क्विन राइडरहरुले प्रचार अभियानमा थप इट्टा थपेको जनाए ।

दुइ पाङ्ग्रे क्विन राइडरका टिम लिडर सोनाम शाहीले आफूहरु देशका विभिन्न स्थानका पर्यटकीय गन्तब्यहरुको बाइक राइडमार्फत् प्रचारात्मक अभियान गरेको जनाउँदै अहिले काठमाडौंबाट आएर मायादेवी सुत्केरी मार्गको प्रचार अभियानमा लागेको बताइन् । 'हाम्रो यात्रापछि अन्य दिदीबहनी दाजुभाइ पनि यो मार्ग हुँदै कपिलवस्तु पुग्नु हुनेछ भन्ने विश्वास रहेको छ,' शाहीले भनिन्-'हामी यो यात्राको दौरानका सबै गतिविधि युट्युब साथै सामाजिक सञ्जाल फेसबुक, इन्स्टामार्फत् विश्वव्यापी गराउने छौं ।'

» *बाँकी ३ पेजमा*

## विष्णु र शंकर मेरा लागि बराबर : ओली



काठमाडौं । नेकपा एमालेका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीभित्र विष्णु पौडेल र शंकर पोखरेलको गुट नरहेको भन्दै दुवै नेता आफ्नो लागि बराबर रहेको प्रष्ट पारेका छन् ।

केन्द्रीय संगठन विभागले आयोजना गरेको राष्ट्रिय कार्यशाला गोष्ठीमा प्रशिक्षण दिने क्रममा अध्यक्ष ओलीले उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेल आफ्नो लागि एउटा नजिक र अर्को टाढा नभएको बताएका हुन् ।

कार्याशाला गोष्ठीको दोस्रो दिन औपचारिक सम्बोधनको लाइभ काटेर मिडियालाई बाहिर पठाएपछि अध्यक्ष ओलीले पार्टीभित्र कसैको गुट नरहेको र गुटबन्दी स्वीकार्य पनि नहुने प्रष्ट पारे । 'अहिले कतिपयले विष्णु पौडेलको गुट छ, शंकर पोखरेलको गुट छ भन्छन्, तर एमालेमा कसैको गुट छैन । मैले गुट गर्ने कुरै भएन सबै मेरा साथीहरु हुन् सबैतिर सबैले मलाई सघाएकै छन् । मेरा लागि सबै बराबर हुन् । बाहिर कसले के भन्छन्, कसका नाममा गुट बनाइन्छन्, तर एमालेमा अहिले विशेषगरी पार्टी पुनर्गठनपछि कसैको गुट छैन । विष्णु पौडेलको पनि गुट छैन, शंकर पोखरेलको पनि गुट छैन । मेरा लागि दुवै जना बराबर हुन् । त्यसैले कोही भ्रममा पर्न आवश्यक छैन ।'-ओलीले भनेका छन् ।

अध्यक्ष ओलीले पार्टीभित्र विमति राख्ने, तर समाधान दिन नसक्ने प्रवृत्ति देखिने गरेको भन्दै विचार र नेतृत्वको पक्षमा दृढतापूर्वक उभिँदामात्र पार्टी बलियो बन्ने बताए ।

ओलीले स्थानीय तहका जनप्रतिनिधि र पार्टी कमिटीबिच जनताको हितमा काम गर्ने सन्दर्भमा नियमित छलफल गर्न निर्देशनसमेत दिए । पार्टीको केन्द्रीय कार्यालय च्यासलमा आयोजना गरिएको 'स्थानीय तहमा पार्टी कामका समस्या र समाधान' विषयक राष्ट्रिय कार्यशालामा पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखेल, उपाध्यक्ष तथा अर्थमन्त्री विष्णु पौडेल र महासचिव शंकर पोखरेल विशिष्ट अतिथि छन् । कार्यशालामा महासचिव पोखरेलले पार्टी केन्द्रले पारित गरेको वार्षिक कार्ययोजनाका विषयमा अभिमुखीकरण गरेका छन् ।

» *बाँकी ३ पेजमा*

## सबै दलको सहमतिमा संविधान संशोधन : गृहमन्त्री



बुटवल । गृहमन्त्री रमेश लेखकले संविधान संशोधनको मुख्य एजेन्डासहित गठन भएको अहिलेको सरकार संविधान संशोधनका लागि प्रस्ताव तयार गर्ने क्रममा रहेको बताएका छन् ।

उनले दुई ठूला दलले मात्रै नभई सबै दलहरूको साथ र सहयोगमा संविधानमा नमिलेका विषयवस्तुलाई मिलाउने गरी संविधान संशोधन गरिने बताए ।संविधान कार्यान्वयनका क्रममा देखिएका जटिलतालाई फुकाउने गरी संविधान संशोधन गरिने उनको भनाइ छ । अहिलेको सत्ता गठबन्धनमा कुनै समस्या नरहेको बताउँदै गृहमन्त्री लेखकले निश्चित उद्देश्यका साथ बनेको अहिलेको गठबन्धन आगामी निर्वाचनसम्म जाने दाबी गरे ।

पूर्वप्रधानमन्त्री एवम् माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सहकारी ठगी मुद्दामा पक्राउ परेका रवि लामिछाने माथि गरेको पछिल्लो टिप्पणी दुर्भाग्यपूर्ण भएको बताएका छन् ।

चितवनको भरतपुरमा नेपाल प्रेस युनियनले गरेको पत्रकार सम्मेलनमा गृहमन्त्री लेखकले प्रचण्डको टिप्पणी अदालत र देशको कानुनलाई प्रभावित बनाउने खालको भएको बताए ।

सरकारले कसैमाथि पनि प्रतिशोधपूर्ण व्यवहार नगरेको दाबी गर्दै गृहमन्त्री लेखकले कानुनले तोकेको समयभन्दा बढी कसैलाई पनि थुनामा नराखेको र अदालतले दिएको समयभित्र अनुसन्धान गरी अदालतमा नै पेस गरेको बताए ।

पूर्वप्रधानमन्त्री प्रचण्डले केही समय अगाडि सामाजिक सञ्जाल फेसबुकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिसमेत रहेका लामिछाने माथि सरकारले प्रतिशोधपूर्ण व्यवहार गरेको टिप्पणी गरेका थिए । प्रचण्डको उक्त अभिव्यक्तिलाई गृहमन्त्री लेखकले न्यायिक प्रकृयालाई प्रभावित गर्ने र अनुसन्धानलाई अवरूद्ध गर्ने प्रयत्नका रूपमा अर्थाए ।चितवनको भरतपुरमा २५ मंसिरमा भएको कोणसभामा पनि उनले लामिछानेको बचाउ गर्दै सरकारले एकपक्षीय रूपमा व्यवहार गरेको बताएका थिए ।

» *बाँकी ३ पेजमा*

## मगर भाषालाई कामकाजी भाषा बनाउन माग



**लुम्बिनी संवाददाता**
*बुटवल*

मगर अगुवाहरूले लुम्बिनी प्रदेशमा मगर भाषालाई सरकारी कामकाजी भाषा बनाउन माग गरेका छन् ।

आइतबार बुटवलमा बाजेबजै पितृ थान पूजा समारोहमा बोल्दै उनीहरूले लुम्बिनी प्रदेश मगर बाहुल्य भएकाले कामकाजीको भाषा बनाउन माग गरेका हुन् ।

कार्यक्रममा नेपाल मगर संघकी केन्द्रीय उप-महासचिव कमला थापाले सरकारी कामकाजको भाषाको मान्यता नपाउँदा मगर भाषा, संस्कृति, लिपी र भेषभुषा संकटमा पर्दै गएको गुनासो गरिन् ।

उनले बुटवल उप-महानगरपालिकाबाट मगर भाषा लिपिलाई कामकाजी भाषा बनाउन माग सुरुवात गर्न माग गरिन् । विद्यालयको पाठ्यक्रममा एउटा विषय मगर भाषा र लिपीको पढाइ हुने गरी तयार गर्न पनि उनले माग गरिन् । मगर समुदायमा सामाजिक, आर्थिक, शैक्षिक र राजनैतिक सशक्तिकरण आवश्यक भएको भन्दै उप-महासचिव थापाले शैक्षिक सशक्तिकरणका लागि मगरहरूल आफ्ना सन्तानलाई स्नातक तहसम्म पढाउनै पर्नेमा जोड दिइन् ।

थापाले घरेलु मदिरालाई ब्राण्डिङ गर्न सके विदेशी मदिरा आयात प्रतिस्थापन गर्न र देशभर लाखौं रोजगारी सिर्जना गर्न सकिने भन्दै हजारौं मगर महिलाको रोजीरोटी बनेको घरेलु मदिराको उत्पादन र व्यापारलाई वैध बनाउनुपर्ने बताइन् ।

नेपाल मगर संघ बुटवल नगर समिति अध्यक्ष बसन्ती साठिघरे मगरले बुटवलमा ३६ हजार मगर समुदाय रहेको उल्लेख गर्दै बुटवल उपमहानगरबाटै मगर भाषा लिपिलाई कामकाजी भाषा बनाउन माग गरिन् । उनले बुटवलको हिलपार्क फेंदीको बाजेबजै थानलाई आकर्षक पर्यटकीय स्थल बनाउन सकिने भएकाले पर्याप्त बजेट दिन उप-महानगरसँग माग गरिन् ।

**घरेलु मदिरा ब्राण्डिङ गरौं : मेयर**

बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेले मगरसहित ४ वटा भाषामा वडापत्र प्रकाशन गरेको, मगर भाषा संरक्षणका लागि बजेट छुट्टाएको बताए । उनले घरेलु मदिरा ब्रान्डिङ गरी विदेशी मदिराको आयात विस्थापन गर्नुपर्नेमा जोड दिए । यसका लागि बागलुङको बडीगाड गाउँपालिकासँग समन्वय भइरहेको समेत पाण्डेयले बताए । उनले हिलपार्कमा बिग बुद्धको मूर्ति बनाउन ५० लाख बजेट छुट्टाएको समेत बताए । कार्यक्रममा मगर महिला संघ लुम्बिनी प्रदेश अध्यक्ष केशरी तरामुमगरलगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

हार्दिक अनुरोध
बालबालिका, महिला, अपाङ्गता भएका र जेष्ठ नागरिकलाई सम्मान गरौं
- महिला हिंसा अन्त्य गरौं, कुरा होइन काम गरौं ।
- महिला मानव अधिकारको रक्षा गरौं ।
- प्रथा परम्पराका नाममा महिलामाथि हुने हिँसा अन्त्य गरौं ।
- आर्थिक कार्यमा महिला सहभागिता बढाऔं ।
- हिंसामुक्त परिवारः हामी सबैको सरोकार ।
- बालबालिका हुन भविष्यको कर्णधार यी हुन् हाम्रा विकासको आधार ।
- बालमैत्री स्थानीय शासन बालसहभागिताको सम्मान र शुसासन ।
- बालबालिकाको कुरा सुनौं, बालदुर्व्यवहारको अन्त्य गरौं ।
- बालबिवाह रोकौं छोरीको भविष्य आजैदेखि सोचौं ।
- फरक क्षमता (अपाङ्गता) भएका व्यक्तिलाई सम्मानजनक व्यवहार गरौं ।
- जेष्ठ नागरिक अनुभवका खानी, सम्मान गरौं मार्गदर्शक ठानी ।
- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्त र जेष्ठ नागरिकको सम्मान र माया गरौं ।

न्यायिक समिति
सुनवल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

२०८१ पौष ०१, गते सोमबार
Monday Dec.16, 2024

दैनिक लुम्बिनी

## सम्पादकीय

# मनपरी विषादी प्रयोगको जोखिम

विषादीको मनपरी प्रयोगले जोखिम बढेको छ। किसानले खेतबारीमा विषादी मनपरी प्रयोग गर्दा क्यान्सरलगायतका रोगको जोखिममा पर्न थालेका छन्। मनपरी विषादी प्रयोगले नागरिकको स्वास्थ्य जोखिममा पर्दा समेत सचेतनाको कार्यक्रम प्रभावकारी हुन सकेको छैन। सरकारी निकाय विषादीको प्रयोग न्यूनीकरण गर्न र सुरक्षा सतर्कता अपनाउन सचेत नगराउनु नागरिकको स्वास्थ्यप्रति खेलवाड गर्नु हो।

प्रतिबन्ध भएका विषादीको आयात र बेचबिखन भए कारबाहीको दायरामा ल्याउनुपर्छ। तर सरकारी निकायबाट नियमन छैन। यसको दायित्व प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्रको हो। केन्द्रकै अनुसार, ६ वर्षको अवधिमा विषादीको आयात दोब्बरले बढेको छ। आर्थिक वर्ष २०७४/०७५ मा ६ लाख ३५ हजार ७ सय २१ किलो विषादी आयात भएको थियो। ०७९/०८० मा आयात परिमाण बढेर ११ लाख ८३ हजार ७ सय ४१ किलो पुगेको छ। रकमको कुरा गर्दा गत आर्थिक वर्षमा मात्रै १ अर्ब ६९ करोड ६३ लाख रुपैयाँको विषादी आयात भएको छ।

खेतबारीमा विषादी राख्नुको कारण हो,–खेतबारीमा लाग्ने किरालाई मारेर उत्पादन बढाउनु। विषादीको प्रयोगले शत्रु जीव मात्रै मर्दैनन्, मित्र जीव पनि मर्ने भएकाले विषादीको प्रयोगमा न्यूनीकरण अत्यावश्यक छ। किसानले मनपरी विषादी प्रयोग गर्दा खेतबारीका शत्रु र मित्र जीव मात्रै मरेनन्, मान्छेको स्वास्थ्य नै जोखिममा पर्‍यो। एकातिर किसानको स्वास्थ्य जोखिममा परेको छ, अर्कोतिर खुला सीमाको प्रयोग गरी विषादी मनपरी आयात भइरहेको छ। किसानलाई विषादी प्रयोग गर्दा ध्यान दिनुपर्ने विषयका बारेमा तालिम दिन जति आवश्यक छ, मनपरी विषादी आयात न्यूनीकरण गर्न उत्तिकै जरूरी छ। कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले राजपत्रमा सूचना प्रकाशन गरेर हालै पाराक्वाटारपाराक्वाट डाइक्लोराइड, क्लोरोपाइरिफस र फोरेट नामक विषादी आयात बिक्रीमा प्रतिबन्ध लगाएको छ। यी विषादीको प्रयोगले किसानको स्वास्थ्य जोखिम बढाएकोले प्रतिबन्ध लगाएको हो। अन्य घातक विषादी आयात र नियन्त्रण गर्न ध्यान दिनुपर्छ। अति विषादी प्रयोग भएको तरकारीले तत्काल टाउको दुख्ने, बान्ता आउने, वाकवाकी आउने, हात काँप्ने, बेहोस हुनेलगायत समस्या देखिएका छन्। खतरानाक विषादीले दीर्घकालीन रूपमा क्यान्सर, लुलो-लङ्गडो हुने, गर्भ तुहिने, कलेजोको खराबीलगायत समस्या निम्त्याउने विज्ञहरु बताउँछन्।

प्रतिबन्ध भएका विषादीको आयात र बेचबिखन भए कारबाहीको दायरामा ल्याउनुपर्छ। तर सरकारी निकायबाट नियमन छैन। यसको दायित्व प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्रको हो। नागरिकको स्वास्थ्य जोखिम रोक्न र वातावरणीय सन्तुलन बिग्रन नदिन विषादी प्रयोग न्यूनीकरण गर्दै जानुको विकल्प छैन।

# स्वार्थी दिमाग र पैसाका रोगीहरूमा सुधारको खाँचो



रमेशकेशरी वैद्य

यो देशको विडम्बना नै लोकतन्त्र आएको चार दशक हुँदा पनि राज्यले यहाँका मानिसहरुलाई खासै सुख, सुविधा, सहुलियत दिन सकेन। एक हिसाबले युवापुस्ताहरु छाडा भई गलत बाटो अपनाउनु पनि यसैको उपज मान्न सकिन्छ। तै पनि यो देशमा अहं भावना र पैसाको लागि लडाइँको अन्त्य भएन। अब त अति भयो। अब देशलाई राम्रो बनाउन आफ्नो पक्षबाट सबैले सच्चिनुपर्छ। स्वार्थी दिमाग र पैसाका रोगीहरुमा सुधारको खाँचो छ।

एक समयको कुरा हो, देशमा उति विकास नभए पनि वातावरण रमाइलो थियो। मानिसहरु सभ्य थिए। उनीहरुमा छाडापन थिएन। तर समय र बढ्दो जनसंख्याले गर्दा मानिसहरुलाई पुरानो व्यवस्था पनि ठीक लागेन, जसका कारण हाम्रो देशमा राजतन्त्रसहितको लोकतन्त्र आयो। यहाँ लोकतन्त्र आएको पनि चार दशक भइसकेको छ।

देशमा केही प्राइभेट सेक्टरबाट विकास पनि भयो तर चाहिने जति विकास सरकारले गर्न सकेन, राजनीतिक ज्ञानको कमीले गर्दा। यसबाहेक नेता-कार्यकर्ताले गर्दा राज्यले जनतालाई सुखी तुल्याउन पनि सकेन। कारण देशलाई चाहिने मुख्य सिस्टमहरुको विकास हुन सकेन। त्यसमाथि सरकारी कर्मचारीहरु पनि दायित्वबाट पन्छिने अनि अर्कोतिर उद्योग व्यवसायीहरुको लालच एवं स्वार्थले गर्दा मुलुकको हरेक क्षेत्र सुस्त गतिमा चल्न थाल्यो। यसमा सबभन्दा ठूलो गल्ती देश चलाउनेहरुको नै देखियो।

यिनीहरुको कारणले नै नागरिकको समस्या, चाहना, आकांक्षाहरु बढ्दै गए। यस अवस्थामा टाठाबाठाहरुले जसरी पनि पैसा, सम्पत्ति हासिल गर्दै गए। यस्तो बेला चाकडी गर्ने, झुटो बोल्ने बिचौलियाले धेरै कमाए, अझै पनि कमाउँदै छन्। यसले गर्दा समाज बिग्रियो, देश सुस्त भयो। साथै युवापुस्ता नचाहेर पनि विदेश जान बाध्य भयो, रोजगारका लागि।

गलत कार्य गरेर देशलाई पछि धकेल्नेहरुले यो कहिल्यै सोचेनन् कि मेरो भविष्य के होला र मेरो अर्को जन्म कस्तो होला भनेर। शायद उनीहरुको सोच यति पर पुग्न सकेन वा पुगे पनि तत्कालको मोजमस्तीलाई मात्र हेरे। उनीहरुमाथि यहाँ कसैले केह गर्ने आँट नगरे पनि माथिको अदृश्य शक्तिले यसरी गल्ती गर्ने कसैलाई छोड्नेछैन, ढिलो र चाँडो मात्र हो। प्रायः मानिसहरु पुकार्ने गर्छन्- प्रभु रक्षा गर। तर यस्ता गल्ती गर्नेका सन्तानहरुले पनि विदेशमा दुःख भोगिराखेका हुन्छन् र आँसु चुहाइराखेका हुन्छन्। जुन हामीले नदेख्ने मात्र हो। त्यसकारण पैसाका लागि गलक कर्म नगरौं, यदि यसरी गलत गरिराखेको छ भने आफूले आफूलाई बदलौं, साधारण जीवनमा भए पनि खुशी हुन सिकौं। यसले गर्दा नै व्यक्ति, समाज र मुलुक राम्रो हुने हो।

अहिले खालि पैसाको लेखाजोखामा देश चलिराखेको देखिन्छ। राम्रो भिजन अपनाउनुभन्दा राष्ट्रधनको दुरुपयोग भइराखेको देखिन्छ। धरै नेताहरु हुनुको कारण देशको लागि राम्रो सिस्टम र राम्रो भिजन बन्न/हुन सकेन। जसले कमाउन सक्यो उसको बोलवाला भइराखेको अवस्था छ। बाँकी सब बेकारजस्तो जीवन खेर फालिरहेका छन्। यही कारणले गर्दा न त देशमा रमाइलो हुन सकिराखेको छ, न त सन्तुष्टि नै। नागरिकहरुको मन शान्ति छैन, न देश नै फुर्तिलो हुन सकिराखेको छ। त्यसकारण यी सब कुरालाई सोचेर धेरै लोभ नगरी मानिस बदलिनु आजको आवश्यकता हो। किनकि गलत संस्कारले समाज पनि गलत बाटोमा जान्छ।

आजभोलि मानिसहरुलाई जसरी भए पनि पैसा कमाउने रोग त छँदै छ, त्यसमाथि उनीहरु भोलिका लागि सोच्दैनन्। घरकलह, पारपाचुके, परिवारसँग अलग्ग हुनु आदिजस्ता कुरालाई पहिला नै विचार पुऱ्याउनु जरुरी छ। कारण आजभोलि फेसन, देखावटी, पैसाको अहंता र लोभलालचले गर्दासमेत महिलाहरु पनि खराब हिसाबले बदलिराखेका हामीले देखिराखेका छौं। आजभोलि महिला हुन् वा अविवाहित केटीहरु, उनीहरुले देख्ने भनेको पैसा हो, कि त विदेश नै हो। यसले गर्दा कैयौं घर-परिवारमा तवाह भइराखेको छ। त्यसैले समाजलाई सही बाटोमा लग्न नसक्ने सरकारहरुलाई बदल्नु यतिखेर एक-अर्काको दायित्व हुन आउँछ। यस्ता कुरामा मुख मोडेर स्वार्थीजस्तो भई बस्नुहुँदैन। नत्र भने भोली यस्ता समस्या सबैलाई आउन सक्छ। यसले गर्दा मानिसहरुको जीवन नर्कसमान हुन बेर लाग्दैन।

आजभोलि मानिसहरुमा पारपाचुकेजस्ता कुराहरु सामान्य भइसकेका छन् हाम्रो देशमा। जसको कारण हुन सक्छ कि पैसाको समस्या। अथवा पारिवारिक समस्या वा युवा र अभिभावकमा फरक विचारले पनि यस्तो भएको हुन सक्छ। त्यस्तै विदेशको चाहनाले गर्दा पनि यो समस्या निम्तराखेको छ। त्यसकारण यस्ता कुराहरुलाई लिएर पहिला नै सम्झौता हुनुपर्छ र विचार पुऱ्याउनु जरुरी छ। जसले गर्दा भविष्यमा कलह र अशान्ति नहोस्। पहिला नै यस्ता कुराहरुमा छिनोफानो हुन जरुरी छ। भोलिका दिनमा यस्ता समस्या आउन नदिन यो उत्तम समाधान हो।

यो देशको विडम्बना नै लोकतन्त्र आएको चार दशक हुँदा पनि राज्यले यहाँका मानिसहरुलाई खासै सुख, सुविधा, सहुलियत दिन सकेन। एक हिसाबले युवापुस्ताहरु छाडा भई गलत बाटो अपनाउनु पनि यसैको उपज मान्न सकिन्छ। तैपनि यो देशमा अहं भावना र पैसाको लागि लडाइँको अन्त्य भएन। अब त अति भयो। अब देशलाई राम्रो बनाउन आफ्नो पक्षबाट सबैले सच्चिनुपर्छ। स्वार्थी दिमाग र पैसाका रोगीहरुमा सुधारको खाँचो छ। आफ्नो दायित्वबाट नपन्सिन पनि उत्तिकै जरुरी छ अनि मात्र मुलुकमा सुधार हुँदै जानेछ।

समाचार पत्रबाट

# किन हुन्छ युरिक एसिड बाथ ? रोकथामका उपाय के ?

डा. श्रेया श्रेष्ठ



युरिक एसिड मानिसको रगतमा पाइने महत्वपूर्ण पदार्थ हो, जुन प्रोटिन र प्युरिन मेटोबोलिजमको बाइप्रोडक्ट हो। यो पिसाबको माध्यमबाट बाहिर निस्किरहेको हुन्छ। तर, कहिलेकाही मिर्गौलाले युरिक एसिडलाई बाहिर फ्याँक्न सक्दैन, जसका कारण यो शरीरभित्रै जम्मा हुन्छ र जोर्नीमा समस्या ल्याउँछ, जसलाई हामी युरिक एसिड बाथ भन्छौं। तर, १५ प्रतिशत समस्याचाहिँ युरिक एसिडको बढी उत्पादनले हुन्छ। धेरै प्युरिन भएको खाना खाँदा या कुनै रोगका कारण पनि शरीरमा युरिक एसिड बढ्छ।

शरीरमा युरिक एसिड उच्च हुनुलाई मेडिकल भाषामा 'हाइपरयुरिसेमिया' भनिन्छ, जसको मापदण्ड महिला र पुरुषमा फरक-फरक तय गरिएको छ। पुरुषमा ७ एमजी/डीएल भन्दा बढी र महिलामा ६ भन्दा बढी भयो भने युरिक एसिड बढी भएको मानिन्छ। युरिक एसिड बढी भयो भने जोर्नी, जोर्नी वरपर या तन्तुहरुमा जम्मा हुन्छ, जसले पीडा तथा दुखाइ दिन्छ।

**लक्षण**

खासगरी युरिक एसिड बाथका चार वटा क्लिनिकल चरण हुन्छ।

**पहिलो चरणः** यो चरणमा युरिक एसिड एकदम बढेको हुन्छ। तर, कुनै क्लिनिकल लक्षण या समस्या देखाउँदैन। यो चरणमा युरिक एसिड धेरै भए पनि उपचार आवश्यक हुँदैन।

**दोस्रो चरणः** यो चरणलाई एक्युट गाउट आर्थराइटिस भनिन्छ। यसबेला जोर्नीहरुमा एकदम पीडा हुन्छ। रातिको समयमा असह्य दुख्ने हुन्छ। यसको मुख्य लक्षण भनेको खुट्टाको बुढीऔंला एकदुम सुन्निने हुन्छ। यस्तै, जोर्नी, घुँडा तथा हातको जोर्नीमा एकदम पीडा हुने हुन्छ।

यसलाई बढाउने विभिन्न कारण छन्। रातोमासु खाँदा, रक्सी-बियर धेरै खाँदा, शरीरमा पानीको मात्रा कम हुँदा, लामो समय भोको बस्दा, अपरेशनपछिको तनावजस्ता कारण एक्युट अट्याक हुन्छ।

तेस्रो चरणः यो चरणमा दुखाइ हुँदैन। पहिलो चरणको युरिक एसिड भए पनि त्यसपछि कहिल्यै नहुन पनि सक्छ या हप्ता, महिला या वर्षौंपछि हुन सक्छ।

चौथो चरणः यो अन्तिम चरण हो, जसलाई क्रोनिक टोफासिस गाउट भनिन्छ। यो लामो समयदेखि अनियन्त्रित हाइपरयुरिसेमिया भएको मानिसमा देखिन्छ। यो अवस्थामा शरीरका विभिन्न भागमा टोफाइ (गाँठागुँठी) विकसित हुन्छ। युरेक्रिस्टलहरु शरीरका विभिन्न भागमा जम्मा भएर जोर्नी, सतह र कानका तन्तुहरुमा विकसित भएको पाइन्छ।

**युरिक एसिड बाथले गर्ने असर**

युरिक एसिड बाथले शरीरको मिर्गौलालाई विभिन्न तरिकाले असर गर्छ। मिर्गौलाको विभिन्न स्थानमा जम्मा भएर मिर्गौलामा क्रिस्टल जम्मा भएर नेफ्रोप्याथी गराउन सक्छ। अर्को असर गर्ने भनेको युरिक एसिड स्टोन हो। यस्तै, दुखाइका बेला धेरै पेनकिलर खाने बानी भएकाहरुलाई त्यसको साइडइफेक्टले पनि अप्रत्यक्ष रुपमा मिर्गौलालाई असर पुऱ्याइरहेको हुन्छ।

**कस्ता मानिसलाई युरिक एसिड बाथको जोखिम हुन्छ?**

मानिसमा किशोरावस्थाभन्दा अगाडि (प्रि-प्युबर्टल स्टेज) युरिक एसिड ३.५ एमजी/डीएल हुनुपर्छ। वयस्क उमेरमा पुग्दा पुरुषमा युरिक एसिडको लेभलमा तीव्र वृद्धि हुन्छ। यस्तै, महिलामा महिनावारी रोकिएपछि युरिक एसिड एकदम बढ्ने हुन्छ, बाथ रोग प्रायः पुरुषमा बढी हुन्छ। ४० वर्षभन्दा बढी उमेरका, मोटोपना भएका, हाइपरटेन्सन भएका, मिर्गौलाका रोग भएका, मदिरा सेवन गर्ने तथा उच्च प्युरिन डाइट गर्नेहरुमा बाथ रोगको जोखिम बढी हुन्छ।

अर्को भनेको क्यान्सर तथा रगतका बिरामीहरु र छालाको सोरियासिस भएकाहरुमा बाथ रोग हुने सम्भावना हुन्छ भने कम डोजका एस्पिरिन तथा पिसाब लगाउने औषधि खानेहरु पनि बाथ रोगको जोखिममा हुन्छन्।

**रोकथाम के ?**

बाथ रोग निम्तन नदिने महत्वपूर्ण कुरा त स्वस्थ जीवनशैली अपनाउनु हो भने खानपानको पनि भूमिका हुन्छ। मोटो छ भने तौल नियन्त्रण गर्ने, स्वस्थ खाना खाने, नियमित अभ्यास गर्ने, धूमपान नगर्ने, मदिरा सेवन नगर्ने तथा प्रशस्त पानी पिउने गर्नाले बाथ रोगबाट बँच्न सकिन्छ।

खानपानको कुरा गर्दा दुखाइका बेला रक्सी, बियर वाइन, अंगहरुको मासु (फोक्सो, कलेजो, फियो) खानुहुन्न भने रातोमासु पनि सीमित गर्नुपर्छ। यस्तै, चिनी बढी भएका पेय पदार्थहरु जस्तो, कोक, फ्यान्टा, स्प्राइट, रियल जुस खानुहुन्नछ।

तर, जोर्नी दुख्यो, युरिक एसिड बाथ भयो भने गेडागुडी, दही, तामा खानै हुन्न भनिन्छ। तर, त्यसो होइन, सीमित मात्रामा यस्ता चिज खान सकिन्छ।

**उपचार विधि**

युरिक एसिड बाथको उपचारलाई एक्युट दुखाइ कम गर्ने र दीर्घकालीन उच्च युरिक एसिड नियन्त्रण गर्ने गरी दुई भागमा विभाजन गर्न सकिन्छ।

सहनै नसक्ने गरी दुख्ने, सुन्निने छ भने दुखाइ कम गर्ने औषधि लिएर, आइसप्याक लगाएर कम गर्न सकिन्छ। पेन किलरहरु लिन नमिल्ने अवस्था छ भने छोटो अवधिका स्टेरोइड दिएर दुखाइ कम गर्न सकिन्छ। तर यो समाधान होइन, हाइपरयुरिसेमियाको दीर्घकालीन व्यवस्थापन महत्वपूर्ण हो। हामीले युरिक एसिड कम गराउने औषधि दिने गर्छौं, जुन विभिन्न प्रकारमा उपलब्ध छ।

**कुन बेला औषधि सुरु गर्ने ?**

युरिक एसिड बाथ हुनेबित्तिकै औषधि खाइहाल्ने भन्ने हुँदैन। सहनै नसक्ने पीडा वर्षको ३ पटकभन्दा बढी भयो भने, शरीरका विभिन्न भागमा टोफाइ (गाँठागुँठी आउने) हुने र किड्नीमा पत्थरी छ भने र मिर्गौलाका दीर्घकालीन बिरामी भएको अवस्था छ भने औषधि सुरु गरिन्छ।

औषधि सुरु गर्नुको उद्देश्य सेरम युरिक एसिडको लेभल घट्नुपर्छ भन्ने हो, जुन ७ एमडी/डीएल भन्दा कम हुनुपर्छ। यस्तै, टोफाइ अर्थात् विकास भएको गाँठागुँठी घट्नुपर्छ र बारम्बारको दुखाइ कम हुनुपर्छ। त्यसका लागि हरेक ३ देखि ६ महिना रगत परीक्षणमार्फत् नियमित अनुगमन गर्नुपर्छ।

स्वास्थ्य खबरबाट

# गलैंचा, मुढा बेचेको रकम घर पठाउँदै कैदीबन्दी



घोराही (दाङ)। यहाँस्थित कारागारमा रहेका कैदीबन्दीले गलैंचा, मुढा बनाएर आयआजर्न गर्दै आएका छन्भने केहीले परिवारलाई खर्चसमत पठाउने गरेका छन्।

घोराही कारागारका प्रमुख लक्ष्मणसिंह राठौरका अनुसार एक जना बन्दीले एउटा गलैंचा बुनेबवापत रु पाँचदेखि आठ सय र मुढा बनाएर मासिक रु चारदेखि पाँच हजारसम्म आम्दानी गर्ने गरेका छन्। उनीहरूले माछा मार्ने जाल, ढकी, खेलौनालगायत सामग्री बनाउने गरेका छन्।

घरलु तथा साना उद्योग कार्यालयबाट गलैंचा बुन्न ४५ दिने तालिम लिएका बन्दीले तयार पारेका गलैंचा उनीहरुलाई भेट्न आउने आफन्ती तथा अन्यले खरिद गर्ने गरेका छन्। घरेलुले पनि बिक्रीको व्यवस्था गरेको छ। साथै उक्त कार्यालयले सीप सिक्न चाहनेलाई तालिमको व्यवस्था पनि गर्दै आएको छ।

"उत्पादित सामग्रीको किनबेचको व्यवस्था यहीँबाट मिलाइन्छ, भेट्न आउने आफन्त तथा अन्यले किन्ने गरेका छन्।"- कार्यालय प्रमुख राठौरले भने। हरेक आइतबार, मङ्गलबार र बिहीबार कारागार बाहिर 'स्टल' नै राखेर बिक्रीको व्यवस्था मिलाइएको छ। एक सय जना क्षमताको कारागारमा चार सय १५ जना बन्दी छन्।



विद्यालयमा खाना महोत्सव
रामतुलसी नमूना माध्यमिक विद्यालयले ५७औँ वार्षिकोत्सवको अवसरमा आइतबार आयोजना गरेको खाना महोत्सवमा आफूले बनाएका खानाका परिकार बेच्दै विद्यार्थी । तस्विर ः सुशीला रेग्मी/रासस

# लीपमोटर ८१० अब भैरहवा र बुटवलमा पनि

भैरहवा । साङपिला मोटर्स प्रा. लि. ले लीपमोटरको प्रमुख मोडेल ८१० गाडीलाई भैरहवा र बुटवलमा भव्य समारोहसहित सार्वजनिक गरेको छ । आधिकारिक डिलरशिपद्वारा आयोजना गरिएको कार्यक्रममार्फत् नेपालका इलेक्ट्रिक गाडी बजारको परिवर्तनमा लीपमोटरको प्रतिबद्धता व्यक्त गरिएको छ ।

आइतबार बुटवलको होटल टाइगर प्यालेस रिसोर्टमा एभरेस्ट मार्केटिंग, कालीकानगर बुटवल, रुपन्देहीले कार्यक्रमको आयोजना गरेको थियो ।

आकर्षक डिजाइन र आधुनिक प्रविधिका लागि प्रसिद्ध लीपमोटर ८१० अब भैरहवा र बुटवलका ग्राहकहरूको लागि उपलब्ध हुनेछ र बुकिङहरू समेत आधिकारिक रूपमा खोलिएका छन् ।

पो मोडेल वातावरणमैत्री ग्राहकहरूको लागि डिजाइन गरिएको छ, जसले परिष्कृत र दिगो भविष्यलाई सोचेर बनाइएको छ । यसको अत्याधुनिक सुविधाहरू र आकर्षक डिजाइनले उत्कृष्ट दाइविड अनुभव प्रदान गर्नेछ, जुन इलेक्ट्रिक सवारीमै आफ्नो भविष्य सजाउनेहरूको अत्यन्तै राम्रो छ ।

साङग्रिला मोटर्स प्रा. लि. नेपालको प्रतिष्ठित घराना गोल्छा अर्गनाइजेसनसँग सम्बद्ध छ । यो कम्पनीले २०१७ देखि प्यूजो, २०२१ देखि सिट्रोएन र हाल लीपमोटरको एकमात्र आधिकारिक आपातकर्ता रहँदै आएको छ । अर्गनाइजेसन नेपालमा विश्वस्तरीय मोटर ब्रान्डहरू ल्याउन र नेपालीहरुलाई विश्वस्तरको सुविधा प्रदान गर्नको लागि सधैँ प्रतिबद्ध छ ।

यो कार्यक्रममा पाँचवटा लीपमोटर ८१० गाडीहरू ग्राहकहरूलाई आधिकारिक रूपमा हस्तान्तरण गरिएको थियो । माइलस्टोन नेपालमा इलेक्ट्रिक गाडीहरूको बढ्दो माग र साङग्रिला मोटर्सको विश्वस्तरीय विद्युतीय सवारीको सेवा सुविधा प्रदान गर्ने प्रतिबद्धता अनुरुप छ ।

बुटवलका ग्राहकहरूका लागि तीपमोटर ८१० अब निम्न आधिकारिक डिलरशिपमा उपलब्ध छ ।

# लिट्मसद्वारा कभर्ड कन्डक्टर उत्पादन सुरु

काठमाडौं । नेपालको केबल, तार, तथा कन्डक्टर उत्पादनमा अग्रणी लिट्मस इन्डस्ट्रीजले नेपालमै पहिलो पटक मिडियम भोल्टेज XLPE कभर्ड कन्डक्टर उत्पादन गरेर एक ऐतिहासिक उपलब्धि हासिल गरेको छ। २०,००० किलोमिटर वार्षिक उत्पादन क्षमता भएको यस प्रविधिले अब आयातमा निर्भरता कम गर्दै, ऊर्जा आत्मनिर्भरता प्रवर्द्धन गर्ने र उच्च कार्यक्षमताका भरपर्दा पावर ट्रान्समिसन संरचनाहरूको मागलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ ।

उच्च गुणस्तर र टिकाउपनाका सर्वोच्च मापदण्ड पूरा गर्न डिजाइन गरिएका यी कन्डक्टरहरू EN 50397 र IS 398 – VI अन्तर्गत प्रमाणित छन् ।

एडभान्स्ड जर्मन प्रविधिको प्रयोगमा आधारित निर्माण प्रक्रियामा उत्कृष्ट इन्सुलेशनका लागि ट्रिपल-लेयर एक्स्ट्रुसन, उच्च-गुणस्तरको क्रस-लिङ्किङका लागि डीप-वाटर क्युरिङ, र स्पार्क परीक्षण तथा एन्टि-ट्र्याकिङ परीक्षणजस्ता उत्कृष्ट गुणस्तर परीक्षणहरू समावेश छन् । यसले यी कन्डक्टरहरूलाई नेपालको विविध र चुनौतीपूर्ण भूभागहरूमा पनि प्रभावकारी प्रदर्शन र दीर्घकालीन संरचना सुनिश्चित गर्न पनि सक्षम बनाउँछ ।

११ केभीदेखि ३३ केभी क्षमताका यी कन्डक्टरहरू विशेष गरी जंगल क्षेत्रमा आगलागीको जोखिम घटाउने उद्देश्यले निर्माण गरिएका छन् । वातावरणीय अनुकूलताको लागि तयार पारिएका यी कन्डक्टरहरू टिकाउ र भरपर्दा छन्, जसले मर्मत खर्च कम गर्नुका साथै निरन्तर ऊर्जा आपूर्ति सुनिश्चित गर्दछ । यी उत्कृष्ट कन्डक्टरहरूले घरेलु पूर्वाधार तथा सीमा-पार बिजुली निर्यातलाई समेत प्रभावकारी बनाउने अपेक्षा गरिएको छ ।

मिडियम भोल्टेज XLPE कभर्ड कन्डक्टरको उत्पादनमा अग्रणी भूमिका निर्वाह गरेर, लिट्मस इन्डस्ट्रीजले नेपालको ऊर्जा पूर्वाधारलाई सुदृढ बनाउँदै देशलाई क्षेत्रीय ऊर्जा नवप्रवर्तनमा अग्रणी स्थानमा स्थापित गरेको छ । यो उपलब्धिले गुणस्तर, दिगोपन, र प्रविधिक विकासप्रतिको कम्पनीको अटल प्रतिबद्धतालाई प्रतिविम्बित गर्दछ ।

लिट्मस इन्डस्ट्रीजले घरायसी तार, औद्योगिक केबल र वातावरण मैत्री हलोजन-रहित इकोवायरलगायत विभिन्न उच्च गुणस्तरीय उत्पादनहरू बजारमा उपलब्ध गराउँदै आएको छ ।

मिडियम भोल्टेज XLPE कभर्ड कन्डक्टरको उत्पादनमार्फत्, लिटमस इन्डस्ट्रीजले, नेपालको ऊर्जा आत्मनिर्भरता र पूर्वाधार विकासलाई सुदृढ गर्न,समग्र नेपाली केबल उद्योगमै अग्रणी र नेतृत्वदायी भूमिकामाबलियो उपस्थिति देखाएको छ ।

# कम्बोडिया-भैरहवा सिधा उडानका लागि कम्बोडियाली समक्ष प्रस्ताव



काठमाडौँ । संस्कृति, पर्यटन तथानागरिकउड्डयनमन्त्रीबद्रीप्रसादपाण्डेले कम्बोडिया-भैरहवा-कम्बोडिया सिधा उडानको प्रस्ताव गरेका छन् । कम्बोडियाका संस्कृति तथा धार्मिक मामिलामन्त्री चाई बोरिनसँग आइतबारभएकोभेटमामन्त्रीपाण्डेले कम्बोडिया-भैरहवा-कम्बोडिया सिधा उडानको प्रस्ताव गरेका हुन् ।

मन्त्री पाण्डेले सरकारले पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा उडान गर्ने वायुसेवा कम्पनीलाई दिएको सहुलियतसमेत जानकारी गराए । भेटमा दुवै देशका प्रमुख बौद्ध तीर्थस्थललाई जोड्ने गरी 'बौद्ध सर्किट' को रूपमा विकास गर्न सकिने, पर्यटन प्रवर्द्धनका लागि दुवै देशबिचमा कला, सङ्गीत र साहित्यमा सहकार्य तथा सांस्कृतिक महोत्सव कार्यक्रम र पर्यटन बोर्डबिच साझेदारी गर्न सकिने विषयमा छलफल भएको थियो ।

दुवै देशका युनेस्को विश्व सम्पदा क्षेत्रको संरक्षण र प्रवर्द्धनमा सहकार्यको सम्भावना, सांस्कृतिक समझदारी र सद्भावलाई गहिरो बनाउने उद्देश्यले युवा र शैक्षिक आदानप्रदानलगायत विषय पनि छलफल भएको मन्त्री पाण्डेको सचिवालयले जनाएको छ ।

पारस्परिक पर्यटनलाई प्रोत्साहित गर्न प्रत्यक्ष उडान र भिसा प्रक्रियामा सहजीकरणको आवश्यकताबारे दुई मन्त्रीबिच विचार विमर्श भएको थियो ।

भेटमा संस्कृति तथा धार्मिक मामिलामन्त्री बोरिनले मन्त्री पाण्डेलाई कम्बोडियाको औपचारिक भ्रमणको निम्तासमेत दिएकोमन्त्रीपाण्डेकोसचिवालयले जनाएको छ ।

# कुखुरा पालेर मासिक एक लाख पचास हजार बचत



गलकोट (बागलुङ) । बागलुङ नगरपालिका-७ कालिमाटीको ग्रिन ल्याण्ड बहुउद्देश्यीय कृषि फार्ममा पाँच हजार कुखुरा पालेर यहाँका एक उद्यमीले मासिक रु एक लाख ५० हजार बचत गर्दै आएका छन् ।

स्थानीय ओमराज शर्माले सञ्चालन गरेको कुखुरा फार्मबाट दैनिक पाँच हजार अण्डाको बजारीकरण भइरहेको छ । बाह्र वर्ष कतार बसेर फर्किएका शर्माले कुखुरापालनमा आम्दानी र जोखिम बराबर रहेको बताए ।

"तीन हजार कुखुरा पाल्दै आएको थिएँ, हाल थप दुई हजारले अण्डा दिन सुरु गरेका छन्, दैनिक पाँच हजार अण्डा बजार बेच्ने गरेको छु ।"-उद्यमी शर्माले भने । एक करोड ५० लाख लागतमा फार्म स्थापना गरी सञ्चालनमा ल्याएको बताउँदै उनले अण्डाको बजारीकरणका लागि बागलुङ बजारमा डीपो, एउटा पिकअप जीप र चार जनालाई प्रत्यक्ष रोजगारी दिएका छन् । फार्मको कमाइबाट आफू सन्तुष्ट रहेको बताउँदै अहिले कर्मचारीलाई तलब खर्च कटाए मासिक रु एक लाख ५० हजार बचत हुने गरेको उद्यमी शर्माले बताए ।

अण्डा बिक्रीका लागि बजार अभाव नभएको बताउँदै बाहिरबाट आउने अण्डाका कारण मूल्य भने अस्थिर हुने गरेको उनले जनाए । किसानलाई स्थानीय सरकारले प्राविधिक सहयोग गर्नुपर्नेमा उनले जोड दिए । कुखुरापालनभन्दा गाईबाख्रा पाल्न सहज हुने उनको अनुभव छ । त्यसैले अब उनी व्यावसायिक रूपमा गाई र बाख्रापालनको योजना छन् ।

# भालुले बाख्रा मार्न थालेपछि किसान चिन्तित



तुलसीपुर । दाङको तुलसीपुर उपमहानगरपालिका-४ स्थित खुमखानीमा भालुले बाख्रा खान थालेपछि किसान चिन्तित भएका छन् । राति बाख्रा खोरमा पसेर बाख्रा मारिदिने र खाइदिने गरेको किसानले बताएका छन् । त्यहाँ अहिलेसम्म पाँच घरका २१ बाख्रा मारिदिएको स्थानीयले बताएका छन् ।

स्थानीय निर्मला थापाका सात वटा, थम्मन विकका पाँच वटा, विकास घर्तीका पाँच र पोकबहादुर थापाका चार वटा बाख्रा मारिदिएको छ । भालुले बाख्रा खोर भत्काउन थालेपछि खाना खाने कोठामा बाख्रालाई राख्ने गरिएको स्थानीय पोकबहादुर थापाले बताए ।

"हामीले पालेका बाख्रा भालुले खोरमा गएर मारिदिने गरेको छ", उनले भने-"अहिले त हामीले खाना बनाउने कोठामा बाख्रा राख्ने गरेका छौँ ।" खुमखानी सोही वडाको विकट क्षेत्र हो । त्यहाँ प्रहरी पोष्ट नहुँदा पनि यसरी असुरक्षित हुनु परेको उनको भनाइ छ ।

विगत एक महिनायता भालुले यसरी सताउने गरेको हो । अहिले बाख्रालाई मार्ने गरेको भए पनि मानिसलाई पनि क्षति हुनसक्ने भन्दै यसमा सचेत हुनुपर्ने स्थानीय अगुवा जीतबहादुर थापाले बताए ।

कार्यक्रममा कार्यक्रमका कन्सलटृयान्ट देबेन्द्र ठकुरी, लुम्बिनी प्रेस क्लवका अध्यक्ष कमल रायमाझी, जगर्श ग्रुपका अध्यक्ष प्रियाबन्धु न्यौपाने, लुम्बिनी बिकाश कोषका सूचना अधिकृत डा. हरीध्वज राई लगायतले कार्यक्रमको महत्व बारे भनाई राख्दै युबतिहरुको प्रचार अभियान सकारात्मक रहेको बताए ।

बिश्वमा मातामायादेबी मार्गको प्रचार गर्ने उद्धेश्यले एक दशक अघि यो मार्ग हुदै लुम्बिनी पिस म्याराथन समेत आयोजना बुद्धिस्ट सर्किट डटकमले गरीसकेको छ । भबिश्यमा रानी मायादेबी प्रसुती मार्ग म्याराथन गर्ने सोच समेत ल्याईएको आयोजकले बताएका छन् ।

**विष्णु...**

कार्यशालाको मुख्य विषयवस्तुको रूपमा 'स्थानीय तहमा पार्टी कामका समस्या र समाधान' विषयक कार्यपत्र केन्द्रीय संगठन विभागका प्रमुख काशीनाथ अधिकारीले पेश गरेका छन् ।

कार्यशालामा जिल्ला कमिटी र प्रदेश कमिटीका अध्यक्ष, सचिव र संगठन विभागका प्रमुख, प्रदेश कमिटीबाट थप दुई जना महिला सदस्यहरु, जनसंगठनका केन्द्रीय अध्यक्ष र महासचिव तथा महानगर र उपमहानगरका निर्वाचित मेयर, उपमेयर गरी ३१५ जनाको सहभागिता रहेको छ । कार्यशालामा उपस्थित सदस्यहरुलाई १० वटा समूहमा विभाजन गरेर सुझावहरु संकलन गरिएको संगठन विभागका सचिव माधव ढुंगेलले जानकारी दिए

**सबै...**

चितवनबाट पोखरा लैजाँदा लामिछाने माथि अमानवीय व्यवहार गरिएको भनेर गरिएको आलोचनामा कुनै पनि सत्यता नरहेको गृहमन्त्री लेखकको प्रष्टीकरण थियो ।'२ कात्तिकमा पक्राउ पर्दा उहाँ आफैँले गाडीमा राति नै पोखरा जान्छु भन्नुभयो, प्रहरीले जहाजमा लैजान्छु भन्दा मान्नु भएन, काठमाडौंबाट राति पोखरा जाँदा ठिक हुने, चितवनबाट पोखरा जाँदा अमानवीय व्यवहार भयो भन्नुमा कुनै सत्यता छैन,' गृहमन्त्री लेखकले भने-'प्रहरीले लामिछाने माथि कुनै पनि अमानवीय व्यवहार गरेको छैन, हरेक नागरिकको मानव अधिकारप्रति सरकार सचेत छ, कसैलाई पनि फरक व्यवहार गर्दैन । '

सहकारी ठगीमा संलग्न भएका, फरार रहेका र विदेश गएकाहरूलाई समेत सरकारले धमाधम पक्राउ गरिरहेको भन्दै अनुसन्धानको पाटोमा कसैलाई पनि नछाडिने बताए ।

आफ्नै पार्टी उपसभापति धनराज गुरूङ माथि सहकारी ठगी प्रकरणमा किन अनुसन्धान भएन भन्ने पत्रकारहरूको प्रश्नमा गृहमन्त्री लेखकले धनराज माथि अनुसन्धान भइरहेको बताए ।

'सहकारीमा ठगी गर्ने, अपचलन गर्ने, अपराध गर्ने सबैका माथि अनुसन्धान हुन्छ, कसैको पनि अनुहार हेरेर छुट दिइँदैन,' गृहमन्त्री लेखकले भने-'सहकारी ठगीको आरोपमा पार्टीका उपसभापति माथि पनि बयान लिने बुझ्ने काम भइरहेको छ ।'

सहकारी ठगीका मुख्य आरोपी जीबी राईलाई कहिले पक्राउ पर्छन् भन्ने पत्रकारको अर्को प्रश्नमा गृहमन्त्री लेखकले जीबीलाई पक्राउ गरेर नेपाल ल्याउने काममा सरकार लागि परेको बताए । तर, राई कुन देशमा लुकेका छन् भन्ने प्रश्नको जवाफ गृहमन्त्रीले दिएनन् ।

सहकारी पीडितहरूको बचत रकम फिर्ताका लागि सरकारले ठोस योजना तयार गरिरहेको भन्दैं त्यसलाई चाँडै नै सार्वजनिक गरिने बताए ।

## पेन्सन पट्टा हराएको सूचना

जिल्ला नवलपरासी सरावल गा.पा. वडा नम्बर ४ बस्ने सहाबुद्धिन खाँको परासी आउने क्रममा कालो रंगको झोला भित्र रहेको नागरिकता पेन्सन पासबुक र बैंकको चेक लगायतका कागजपत्र सहितको झोला हराएको हुदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालयमा पुर्‍याईदिनुहुन अनुरोध गर्दछु ।

**निवेदक**
**सहाबुद्धिन खाँ**
**सरावल ४, नवलपरासी ब.सु.प**
**सर्म्पक ९८०२६८७९१५**

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



**कैदी बन्दीले बनाएका सामग्री:**
घोराही कारागारका कैदी बन्दीले बिक्रीका लागि बनाएका विभिन्न सामग्री। कैदी बन्दीहरुले मुढा, गलबन्दी, माछा मार्ने जाल, कपासको बत्ती, गलैंचा, फर्निचरलगायतका सामग्री बनाउने गरेका छन्। तस्विरः सुशीला ओली/रासस

# पालिकास्तरीय क्रिकेटको उपाधि तानसेनलाई




पाल्पा । तानसेनको टुँडिखेलमा सञ्चालन भएको पालिकास्तरीय डाउनटाउन नकआउट क्रिकेट प्रतियोगिताको उपाधि तानसेन नगरपालिकाको क्रिकेट क्लबले हात पारेको छ। शनिबार तानसेनमा भएको फाइनलखेलमा तानसेनले रैनादेवी छहरालाई ४९ रनले पछि पार्दै पालिकास्तरीय क्रिकेटको उपाधि जितेको हो। तानसेनले क्रिकेट क्लबले २० ओभरको खेलमा ८ विकेट गुमाएर १ सय ३९ रन जोडेको थियो। तानसेनका लागि विशाल दर्नालले ४०, रूपेश बस्यालले ३५, श्रीधर बस्यालले १५ र तेजेन्द्र वीरजंग राणलो १२ रन जोडेका थिए। वलिङतर्फ रैनादेवी छहराका मदन नेपालीले ४, अमीत तिवारीले २ विकेट लिए।

१ सय ४० रनको लक्ष्यका साथ मैदानमा उत्रिएको रैनादेवी छहराले २० ओभरमा ८ विकेट गुमाएर ९० रनमात्र बनायो। रैनादेवीका लागि लक्ष्मण सार्कीले अविजित २९, मिलन केसीले १६, भक्त कार्कीले अविजित ४ रन जोडे। बलिङतर्फ तानसेनका श्रीधर बस्यालले ३, सागर सिलवाल र शुभम भुसालले समान २/२ विकेट लिए।

विजयी तानसेनलाई ५० हजार र उप-विजयी रैनादेवी छहराले २५ हजार नगद पुरस्कार, मेडल, प्रमाणपत्र र ट्रफी पुरस्कार पाए। प्रतियोगितामा उत्कृष्ट बलर रैनादेवी छहराका अमित तिवारी, उत्कृष्ट ब्याट्सम्यान तथा म्यान अफ दि सिरिज तानसेनका विशाल दर्नाल र बेष्ट क्याच तानसेनकै विपिन भट्टराई भए। प्रतियोगितामा जिल्लाका ९ पालिकाको सहभागिता रहेको थियो।

# लखन स्मृति भलिबलको उपाधि जनज्योति क्लबलाई



बुटवल । प्रथम सहिद लखन थापामगर स्मृति भलिबल प्रतियोगिताको उपाधि जनज्योति क्लब बीले जितेको छ। नेपाल मगर युवा संघ बुटवल उपमहानगर वडा नं. ७ इकाई समितिद्वारा आयोजित प्रतियोगिताको फाइनल खेलमा गोलपार्क युवा क्लबलाई तीन शून्यको सोझो सेटमा हराउँदै जनज्योति क्लबले उपाधि हात पारेको हो।

जनज्योति क्लबले प्रथम पुरस्कार तीस हजार रुपैयाँ नगद राशी सहित शिल्ड, मेडल र प्रमाण पत्र प्राप्त गरेको छ। उपविजेतामा चित्त बुझाएको गोलपार्क क्लबले बीस हजार नगद राशीसहित शिल्ड, मेडल र प्रमाण पत्र प्राप्त गऱ्यो भने तृतीय हुन सफल मणिमुकुन्द भलिबल क्लबले नगद रु दश हजार सहित शिल्ड, मेडल र प्रमाण प्रत्र प्राप्त गऱ्यो।

यसैगरी १६ टिम सहभागी प्रतियोगितामा श्रमज्योति क्लबले सान्त्वना स्थानमा नै चित्त बुझायो । विजेता टिमहरुलाई बुटवल उपमहानगरपालिकाका नगर प्रमूख खेलराज पाण्डेयले पुरस्कार प्रदान गरेका थिए। सो अवसरमा बोल्दै उनले विजेता टिमहरुलाई बधाई दिँदै खेलाडी उत्पादन र खेल विकासका लागि स्थानीय स्तरमा हुने प्रतियोगिताहरु निरन्तर रुपमा सञ्चालन गर्न आवश्यक रहेकोमा जोड दिए।

सो अवसरमा बुटवल उप-महानगरपालिकाका खेलकुद विकास समितिका संयोजक बोनीन पिया, नेपाल मगर युवा संघ बुटवल उपमहानगर वडा नं. ७ इकाई समितिका संरक्षक कृष्ण थापा झैंडिमगर, समितिका अध्यक्ष कुमार रानामगर, खेल संयोजक सन्तोष पुनमगर लगायतले बोलेका थिए। मंसिर पूर्णिमा बाजेबजै पूजाको अवसरमा आयोजित खेल २६ गते सुरु भएर ३० गते फाइनल खेलसँगै सम्पन्न भएको हो।

स्व.शेरबहादुर सेन्चुरी टी-२० क्रिकेटः

# लीलाराम र न्यू होराइजन सेमिफाइनलमा




भैरहवा । रुपन्देही लीलाराम न्यौपाने मावि र न्यू होराइजन मावि ११औं संस्करणको 'स्वर्गीय शेरबहादुर सेन्चुरी स्मृति टी-२० अन्तरविद्यालय क्रिकेट प्रतियोगिता'मा सेमिफाइनल प्रवेश गरेका छन्। आइतबारको खेलमा लीलारामले न्यू इरा इङ्गलिस बोर्डिङ हाई स्कूललाई १ विकेट र न्यू होराइजनले न्यू मुन एकेडेमीलाई १ सय ३७ रनले पराजित गर्दै सेमिफाइनल यात्रा पक्का गरेका हुन्।

भैरहवास्थित सिद्धार्थ रंगशालामा टस जितेर ब्याटिङ गरेको न्यू इराले निर्धारित २० ओभरको खेलमा १९ ओभर ५ बल खेल्दै सबै विकेट गुमाएर १ सय ९ रन बनायो। उसका लागि मणि विकले २९, नैतिक बानियाँले २४, सागरसिंह चौधरीले १३ र मोहम्म साइब खानले १२ रन बनाए। बलिङमा लीलारामका सुगम पोखरेलले ४ ओभरमा १ मेर्डनसहित १३ रन खर्चेर ५ विकेट हात पारे। यस्तै, मोहम्मद अयुबले २ तथा लक्की यादव र शुभम यादवले समान १-१ विकेट लिए।

जवाफी ब्याटिङ गरेको लीलारामले १८ ओभरमा ९ विकेटको क्षतिमा १ सय १० रन बनाउँदै जित हात पार्यो। उसको जितमा फैजन खानले अविजित २९, अबुहम्जा खानले २२ र विशाल बरईले १२ रनको योगदान दिए। बलिङमा न्यू इराका सुरज गुप्ताले ४, नैतिक बानियाँले २ तथा सागरसिंह चौधरी र पुरुषोत्तम कुर्मीले १-१ विकेट लिए। खेलमा सागर पोखरेल प्लेयर अफ द म्याच भई पाँच सय रुपैयाँ प्राप्त गरे।

अर्को खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको न्यू होराइजनले ५ विकेटको नोक्सानीमा १ सय ७४ रनको विशाल योगफल बनायो। उसका लागि राहुल नाउले ४३, प्रिन्स पालले ३७ र अनुप न्यौपानेले अविजित ३५ रनको योगदान दिए। बलिङमा न्यू मुनका विश्वास थापाले २ तथा आशिष यादव र शिव गुप्ताले १-१ विकेट लिए।

प्रतिउत्तरमा न्यू मुन १३ ओभर ५ बलमा अलआउट हुँदै ३७ रनमै समेटियो। उसलाई सस्तैमा रोक्न न्यू होराइजनका प्रिन्स पालले ४, सुप्रिम कँडेलले ३ तथा अनिश भट्टराई र निरज घिमिरेले १-१ विकेट हात पारे। न्यू मुनका आशिष यादवले १६ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न नसक्दा टिम सस्तैमा समेटियो र हार व्यहोर्यो। खेलमा प्रिन्स पाल प्यलेयर अफ द म्याच भई पाँच सय रुपैयाँ प्राप्त गरे।

रुपन्देही क्रिकेट संघको आयोजना र पर्वत ज्वेलर्स, बैंकरोड, भैरहवाको मुख्य प्रायोजनामा जारी प्रतियोगिताको विजेता टिमले ५० हजार, उपविजेताले २५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट ब्याटर र बेष्ट बलरले जनही ५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले ५ सय तथा बेष्ट अनुशासित टिमले ट्रफी र प्रमाणपत्र प्राप्त गर्ने खेल संयोजक भरत थापाले बताए। प्रतियोगिता पुस २ गतेसम्म सञ्चालन हुनेछ।


**अनुरोध**

- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित जरौं।
- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- पनी उमालेर मात्र पिउने गरौं।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पतिको संरक्षण गरौं।
- आफ्नो गाउँ-एवम् शहर बजार वरपरको वातावरण सफा राखौं।
- सबै खालका विभेदको अन्त्य जरौं।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं।

सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश,नेपाल

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२१३ मो.९८५७०३५३८०,९८४७१२३२५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रूपन्देही
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
बिगत १५ वर्षदेखि
तपाईंको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com